# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २७ ] काठमाडौं फागुन १६ गते २०३४ साल [ संख्या ४५

श्री ५ को सरकार

### उद्योग तथा वाणिज्य मन्त्रालयको

### सूचना

नेपाल कारखाना र कारखानामा काम गर्ने मजदूरसम्बन्धी
(पहिलो संशोधन) नियमहरू, २०३४

नेपाल कारखाना र कारखानामा काम गर्ने मजदूरसम्बन्धी नियमहरू, २०१९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

नेपाल कारखाना र कारखानामा काम गर्ने मजदूरसम्बन्धी ऐन, २०१६ को दफा ७ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ :–

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरूको नाम "नेपाल कारखाना र कारखानामा काम गर्ने मजदूरसम्बन्धी (पहिलो संशोधन) नियमहरू, २०३४" रहेको छ।

(२) नियम ८ श्री ५ को सरकारले तोकेको मितिदेखि तोकेको इलाकामा प्रारम्भ हुनेछ र अरू नियमहरू तुरुन्त प्रारम्भ हुनेछन्।

२. नेपाल कारखाना र कारखानामा काम गर्ने मजदूरसम्बन्धी नियमहरू, २०१९ को नियम ५ मा संशोधन : नेपाल कारखाना र कारखानामा काम गर्ने मजदूरसम्बन्धी नियमहरू, २०१९ (यसपछि "मूल नियमावली" भनिएको) को नियम ५ मा रहेको "कम्पनी ऐन, २००७" को सट्टा "कम्पनी ऐन, २०२१" राखिएको छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
८२१

३. मूल नियमावलीको नियम ९ पछि थप : मूल नियमावलीको नियम ९ पछि देहायको नियम ९ क. थपिएको छ :–

"९क. श्रम अधिकृतको काम र कर्तव्य : श्रम अधिकृतको काम र कर्तव्य देहायबमोजिम हुनेछ –

(क) कारखानामा काम गर्ने मजदूर तथा कर्मचारीहरू उपर व्यवस्थापकले लगाएको प्रशासकीय नियन्त्रणको सम्बन्धमा आवश्यकतानुसार जाँच गर्ने,

(ख) कल्याणकारी व्यवस्था नअपनाइसकेकोमा सो अपनाउन लगाउने कल्याणकारी व्यवस्था अपनाई सकेकोमा सो व्यवस्था सुचारूरूपले सञ्चालन भए नभएको रेखदेख गर्ने,

(ग) कारखाना निरीक्षकको अनुपस्थितिमा निजले गर्नु पर्ने प्राविधिक काम बाहेक अन्य काम कारवाई गर्ने,

(घ) श्रमसम्बन्धी अवस्थामा सुधार ल्याउन आवश्यक काम कारवाई गर्ने, वा सरसल्लाह दिने,

(ङ) मजदूर र व्यवस्थापकका बीच विवाद उठेमा त्यसलाई समाधान गर्न प्रयत्न गर्ने,

(च) श्री ५ को सरकारले तोकेको न्यूनतम वेतन लागू गरे नगरेको रेखदेख गर्ने,

(छ) मजदूरलाई तालीम दिने व्यवस्थाको सञ्चालन गर्न आवश्यक सरसल्लाह र सहायता दिने,

(ज) श्रम विभागको निर्देशन मुताविक अन्य कार्यहरू गर्ने ।

४. मूल नियमावलीको नियम २६ मा संशोधन : मूल नियमावलीको नियम २६ को सट्टा देहायको नियम २६ राखिएको छ :–

"२६. कर्मचारीले पाउने बिदा : कारखानाको कर्मचारीले देहायको तलवी र बेतलवी बिदा पाउनेछः–

(क) सार्वजनिक बिदा : (१) प्रत्येक वर्ष बाह्र दिनमा नबढ्ने गरी पूरा तलव सहितको सार्वजनिक बिदा पाउनेछ ।

(२) सार्वजनिक बिदा निर्धारण गर्ने अधिकार कारखानाको वर्क्स कमिटीलाई हुनेछ र वर्क्स कमिटी नरहेको कारखानामा मजदूर प्रतिनिधि र व्यवस्थापकको आपसी सम्झौतानुसार निर्धारण गरिनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) कुनै सार्वजनिक बिदा साप्ताहिक बिदाको दिनमा पर्न गएको कारणले अन्य कुनै दिनलाई सार्वजनिक बिदाको रूपमा तोक्न सकिने छैन ।

(ख) घर बिदा : (१) कारखानामा काम गर्ने स्थायी कर्मचारीले काम गरेको अवधिको बीस दिनको एक दिनको दरले पूरा तलव सहितको घर बिदा पाउनेछ ।

(२) घर बिदा बढीमा साठी दिनसम्म संचित गरी राख्न सकिनेछ ।

(३) घर बिदा निर्धारण गर्ने प्रयोजनको निमित्त काम गरेको अवधि भन्नाले सो अवधिभित्र पर्ने साप्ताहिक बिदा, सार्वजनिक बिदा र अन्य तलवी बिदालाईसमेत जनाउनेछ ।

(४) कुनै कर्मचारीले राजीनामा गरी नोकरी छाडेमा वा अरू कुनै पनि प्रकारले अवकाश प्राप्त गरेमा निजको संचित रहे जति घर बिदाको निमित्त निजले नोकरीको अन्तिम महीनामा पाएको वेतनको दरले हुने एकमुष्ट रकम पाउनेछ ।

(ग) बिरामी बिदा : वर्ष एकमा १५ दिन सम्म आधा तलवको बिदा पाउनेछ । यस्तो बिदामा बस्दा कारखानाको मेडिकल अफिसरको प्रमाण-पत्र लिनु अनिवार्य छ ।

(घ) विशेष बिदा : घर बिदा बाँकी नभएको कारखानाको कर्मचारीले विशेष कारण देखाएमा वर्ष एकमा तीस दिनसम्म बेतलवी विशेष बिदा पाउन सक्नेछ ।

(ङ) प्रसूति बिदा : गर्भवती महिला कर्मचारीले सुत्केरीको अघि पछि गरी पैंतालीस दिनसम्मको पूरा तलवी प्रसूति बिदा पाउनेछ ।

तर यस्तो प्रसूती बिदा तमाम सेवा अवधिभर दुई पटकसम्म मात्र लिन पाइनेछ ।"

५. मूल नियमावलीमा नियम २६ क. र २६ ख. थप : मूल नियमावलीको नियम २६ पछि देहायको नियम २६ क. र २६ ख. थपिएका छन्:–

"२६क. बिदा नलिई गयल हुने कर्मचारी उपर कारवाई गर्ने : (१) यी नियमहरू बमोजिम बिदा नलिई कुनै पनि कारखानाको कर्मचारी कारखानाबाट गयल हुनु हुँदन ।

(२) कुनै कर्मचारीले बिदा बसेको सूचना नदिई तीस दिनभन्दा बढी गयल भएमा त्यस्तो कर्मचारीलाई गयल कट्टी गरी कारखानाबाट हटाउन सकिनेछ ।

(३) उप-नियम (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि बिदा स्वीकृत गराउन नपाउँदै बिदा बस्नु पर्ने अपर्झट कारण परी पछि त्यस्तो

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

522

गयल भएको अवधिको निमित्त बिदा स्वीकृत भएमा यस नियमको उल्लङ्घन भएको मानिने छैन ।"

"२६.ख. बिदा अधिकारको कुरा होइन : बिदा अधिकारको कुरा होइन सहुलियत मात्र हो । बिदाको निकासा दिने अधिकारीले कारखानाको कामको आवश्यकतानुसार बिदा अस्वीकृत गर्ने, स्थगित गर्ने, कट्टा गर्ने वा स्वीकृत भएको बिदा रद्द गर्न सक्नेछ ।"

६. मूल नियमावलीको नियम २७ मा संशोधन : मूल नियमावलीको नियम २७ को सट्टा देहायको नियम २७ राखिएको छः–

"२७ बिदा दिने अधिकारी : नियम २६ बमोजिमको बिदा देहायका कर्मचारीलाई देहायका व्यक्तिले दिन सक्नेछन्ः–

(क) कल्याणकारी अधिकृतलाई र मजदूर बाहेक कारखानाका अन्य कर्मचारीलाई कारखानाको व्यवस्थापकले,

(ख) मजदूरको लागि कल्याणकारी अधिकृत रहेकोमा कारखानाको व्यवस्थापकको स्वीकृति लिएर कल्याणकारी अधिकृतले र कल्याणकारी अधिकृत नरहने कारखानाको हकमा कारखानाको व्यवस्थापकले तोकेको कुनै कर्मचारीले ।"

७. मूल नियमावलीको नियम २८ मा संशोधन : मूल नियमावलीको नियम २८ को खण्ड (२) र (३) को सट्टा देहायको खण्ड (२) र (३) राखिएको छः–

"(२) अङ्गभङ्ग भएमा : देहायबमोजिम अङ्गभङ्ग भएकोमा देहायबमोजिम क्षतिपूर्ति पाउनेछः–

(क) प्रत्येक कानको निमित्त ८ महीनाको वेतन,

(ख) एक आँखाको निमित्त १४ महीनाको वेतन,

(ग) दुवै आँखाको निमित्त ३ वर्षको वेतन,

(घ) दायाँ हातको निमित्त १२ महीनाको वेतन,

(ङ) बायाँ हातको निमित्त ८ महीनाको वेतन,

(च) प्रत्येक पाखुरा वा खुट्टाको निमित्त १½ वर्षको वेतन,

(छ) हातको वा गोडाको प्रत्येक औंलाको निमित्त ३ महीनाको वेतन,

(ज) खण्ड (क) देखि (छ) सम्म नपरेका अन्य कुनै अङ्गको निमित्त २ महीना देखि २½ वर्षसम्ममा कारखाना निरीक्षकले तोकेबमोजिम वेतन बराबरको रकम । उपरोक्त अङ्गभङ्ग भएको सिलसिलामा गर्नु पर्ने उचित उपचार कारखानाको व्यवस्थापकले गरिदिनु पर्नेछ।

(३) मृत्यु भएमा : कारखानामा काम गर्दा जोखिम भई कुनै मजदूरको तत्कालै वा उपचार गर्दा गर्दै मृत्यु भएमा तत्काल निजले पाइरहेको वेतनको दरले हुन आउने दुई वर्ष बराबरको रकम मृत मजदूरको आस्रित परिवारको सदस्यहरूलाई दामासाहीको दरले पटक-पटक गरी दिनु पर्नेछ ।"

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

८२४

८. मूल नियमावलीमा परिच्छेद ६ क. थप : मूल नियमावलीको परिच्छेद ६ पछि देहायको परिच्छेद ६ क. थपिएको छः–

परिच्छेद–६ क.

अवकाश, उपदान र सञ्चयकोष

२९क. अनिवार्य अवकाश : (१) कुनै मजदूरको उमेर ५० वर्ष पूरा भएपछि निजलाई कारखानाको कामबाट अनिवार्य अवकाश दिइनेछ ।

(२) उप-नियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कारखानाको कामकाज चलाउनलाई नभै नहुने दक्ष मजदूरको हकमा व्यवस्थापकले दश वर्षको अवधि ननाघ्ने गरी सो मजदूरको अवकाशको समयलाई निजको उमेर साठी वर्ष पूरा नहुञ्जेलसम्म पर सार्न सक्नेछ ।

स्पष्टीकरण : यस नियमको प्रयोजनको निमित्त मजदूरको उमेर देहायबमोजिम हिसाब गरिनेछः–

(क) नोकरीमा प्रवेश गरेको समयमा पेश गरेको शैक्षिक संस्थाको प्रमाणपत्र वा जन्मकुण्डलीमा किटिएको जन्म दिन वा सालबाट हुन आएको उमेर,

(ख) त्यस्तो रेकर्ड नभएमा निजले नोकरीमा प्रवेश गरेको समयमा मष्टर रोल वा नियुक्तिको विवरण वा निवेदनमा लेखिदिएको जन्म दिन वा सालबाट हुन आएको उमेर ।

२९ ख. उपदानः (१) पाँच वर्ष वा सोभन्दा बढी नोकरी गरेका कारखानाको कुनै कर्मचारीले उमेरको हदबाट अवकाश पाएमा वा राजीनामा स्वीकृत गराई नोकरीबाट अलग भएमा देहायको दरले एकमुष्ट उपदान पाउनेछः–

(क) पाँच वर्षदेखि दश वर्षसम्म नोकरी गरेको कर्मचारीलाई निजले काम गरेको प्रत्येक वर्षको निमित्त आखिरी $\frac{1}{2}$ महीनाको तलब,

(ख) दश वर्षभन्दा बढी पन्ध्र वर्षसम्म नोकरी गरेको कर्मचारीलाई निजले काम गरेको प्रत्येक वर्षको निमित्त आखिरी $\frac{1}{2}$ महीनाको तलब,

(ग) पन्ध्र वर्षभन्दा बढी नोकरी गरेको कर्मचारीलाई निजले काम गरेको प्रत्येक वर्षको निमित्त आखिरी $\frac{2}{3}$ महीनाको तलब ।

(२) उप-नियम (१) को खण्ड (क), (ख) र (ग) बमोजिम पाउने उपदानको रकम क्रमशः रू. ३,५००।–, रू. ८,०००।– र रू. १०,०००।– भन्दा बढी हुने छैन ।

(३) उप-नियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि करारमा काम गर्ने कर्मचारी, खराब आचरण बापत बर्खास्त गरिएका कर्मचारी र अस्थायी कर्मचारीले यस नियमबमोजिम उपदान पाउने छैन ।

२९ग. क्षतिपूर्तिको सट्टा उपदान रोज्न पाउने : ऐनको दफा ४५ बमोजिम खारेजीमा पर्ने कारखानाको कर्मचारीले सोही दफाबमोजिम पाउने क्षतिपूर्ति र यी नियमहरूबमोजिम पाउने उपदानमध्ये कुनै एक रोज्न पाउनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

222

२९.घ. सञ्चय कोष : (१) कारखानाका प्रत्येक स्थायी कर्मचारी सम्बन्धित कारखानाको सञ्चय कोष (यसपछि "कोष" भनिएको) को सदस्य हुनेछ ।

(२) उप-नियम (१) बमोजिमको कोषमा स्थायी कर्मचारीले आफूले पाउने प्रत्येक महीनाको दश प्रतिशत वेतन कोषमा दाखिल गर्नु पर्नेछ र व्यवस्थापकले पनि सोही बराबरको रकम त्यस्तो कर्मचारीको कोषमा थपी दिनेछ ।

(३) उप-नियम (२) बमोजिमको कोषको सञ्चालन र उपयोग गर्ने सम्बन्धमा प्रत्येक कारखानामा व्यवस्थापक र कर्मचारी प्रतिनिधि रहेको एक समिति रहनेछ । कल्याणकारी अधिकृत रहने कारखानाको हकमा त्यस्तो समितिको सदस्यमा कल्याणकारी अधिकृत पनि रहनेछ ।

(४) उप-नियम (२) बमोजिम कुनै कर्मचारीको कोषमा जम्मा भएको सम्पूर्ण रकम निजले कारखानाको सेवाबाट अवकाश नपाई झिक्न पाउने छैन ।

(५) कोषमा जम्मा भएको रकम झिक्न नपाउँदै कुनै कर्मचारीको मृत्यु भएमा त्यस्तो मृत कर्मचारीले आफ्नो परिवारका सदस्यहरूमध्ये कसैलाई इच्छाएको भए सोही व्यक्तिलाई र त्यस्तो इच्छाएको व्यक्तिको मृत्यु भएमा वा कसैलाई पनि नइच्छाएको भए मृत कर्मचारीको परिवारका सदस्यहरूमध्ये मृत कर्मचारीको आस्रित व्यक्तिहरूलाई त्यस्तो कोषको रकम दामासाहीको दरले दिइनेछ ।

९. मूल नियमावलीमा नियम ४७ क. थप : मूल नियमावलीको नियम ४७ पछि देहायको नियम ४७ क. थपिएको छः–

"४७.क. गैर-नेपाली नागरिकलाई काममा लगाउन सकिने अवस्था : (१) कारखानाको कुनै खास काम गर्ने दक्ष नेपाली नागरिक उपलब्ध नभएमा प्रत्येक पटक दुई वर्षमा नबढ्ने गरी श्रम विभागको स्वीकृति लिई गैर नेपाली नागरिकलाई करारमा नियुक्ति गर्न सकिनेछ ।

(२) उप-नियम (१) बमोजिम गैर-नेपाली नागरिक नियुक्त गर्ने कारखानाको व्यवस्थापकले त्यस्तो गैर-नेपाली नागरिकले गरेको काम क्रमशः नेपाली मजदूर सिक्दै जाने तुल्याउन आवश्यक प्रबन्ध समेत मिलाउनु पर्नेछ ।"

१०. मूल नियमावलीको नियम ५१ पछि थप : मूल नियमावलीको नियम ५१ पछि देहायको नियम ५१ क. थपिएको छः–

"५१.क. वेतन कट्टी गर्न पाउने हद तरीका वा म्याद : (१) ऐनको दफा ३९ बमोजिम कारखानाको कुनै कर्मचारीको वेतन कट्टि गर्नु पर्दा देहायका कुराहरूको अधीनमा रही कट्टा गर्न सकिनेछः–

(क) लागेको जरीवाना कट्टि गर्नु पर्दा वा काममा गैर हाजिर भए बापत कट्टि गर्नु पर्दा प्रत्येक पटक पाउने वेतनको तेत्तीस प्रतिशतको दरले त्यस्तो जरीवाना वा कट्टा गर्नु पर्ने रकम उपर नभएसम्म,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) जानी जानी वा लापरवाहीले कारखानाको कुनै नगदी जिन्सी नोक्सान गरे बापत वा कुनै चिज वस्तु हराए बापत कट्टि गर्नु पर्दा प्रत्येक पटक पाउने वेतनको पच्चीस प्रतिशतको दरले त्यस्तो कट्टि गर्नु पर्ने रकम उपर नभएसम्म,

(ग) पेश्की वा बढी वेतन दिइएको कट्टि गर्नु पर्दा सो कट्टि गर्ने सम्बन्धमा कारखानाको व्यवस्थापक र कर्मचारीको बीच अघिनै कुनै शर्त तोकिएको भए सोही शर्त बमोजिम र त्यस्तो शर्त नतोकिएकोमा प्रत्येक पटक पाउने वेतनको पच्चीस प्रतिशतको दरले त्यस्तो पेश्की वा बढी वेतनको रकम उपर नभएसम्म,

(घ) कुनै सरकारी अड्डा वा अदालतको आदेशबमोजिम कट्टि गर्नु पर्दा त्यस्तो आदेशमा म्याद किटान भएको भए सोही म्यादभित्र चुक्ता गर्न आवश्यक पर्ने जति प्रतिशतको दरले र म्याद किटान नभएकोमा प्रत्येक पटक पाउने वेतनको पचास प्रतिशतको दरले त्यस्तो आदेशबमोजिम रकम उपर नभएसम्म,

(ङ) श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएको अन्य अवस्थामा कुनै रकम कट्टि गर्नु पर्दा प्रत्येक पटक पाउने वेतनको पचास प्रतिशतको दरले त्यस्तो कट्टि गर्नु पर्ने रकम उपर नभएसम्म ।

(२) उप-नियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कारखानाको कुनै कर्मचारीबाट उपर गर्नु पर्ने सबै रकम कट्टि नहुँदै निजको मृत्यु भएमा वा कुनै कारणबाट कारखानाको सेवाबाट अवकाश पाएमा निजबाट उपर गर्न बाँकी भए जति रकम कारखानाबाट निजले पाउन सक्ने केही रकम रहेछ भने सोहीबाट कट्टा गरी उपर गरिनेछ । त्यसरी कट्टि गर्दा उपर हुन नसकेमा वा कारखानाबाट पाउने कुनै रकम नभएमा सरकारी अड्डा वा अदालतको आदेशबमोजिम कट्टि गर्नु पर्ने बाँकी रकम बाहेक अरू रकम माफी हुनेछ ।

आज्ञाले–

ईश्वरीलाल श्रेष्ठ

श्री ५ को सरकारको का. मु. सचिव

मुद्रण विभाग
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
८२०

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।